# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति :२०८०।०५।१९

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सदस्य अभेष झाको ४२ वर्षको अल्पायुमै भएको असामयिक निधनको खबरले नेपाल पत्रकार महासंघ स्तब्ध र दुःखी भएको छ । केही समयअघि बिरामी परी उपचारपश्चात घरमै स्वास्थ्यलाभ गरिरहेका पत्रकार झाको भाद्र १९ गते मंगलबार बिहान ८:३० बजे काठमाठौंको मरुहिटीस्थित निवासमा निधन भएको हो ।

विगत एक दशकदेखि पत्रकारितामा सक्रिय रहेका झाले कान्तिपुर हटलाइन डटकममा काम गर्नुभएको थियो । उहाँको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक जुझारु र ऊर्जाशील युवा पत्रकार गुमाएको छ भने महासंघले सक्रिय सदस्य गुमाएको छ । स्वर्गीय झाका श्रीमती र एक छोरी हुनुहुन्छ ।

महासंघ स्वर्गीय पत्रकार झाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गर्दछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org